बुद्धभूमी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हनुमानचौक, बुड्ढी, कपिलवस्तु
५ नं. प्रदेश

पत्र संख्या.:०७७।०७८
चलानी नं ·

मिति:२०७७।०६।०१

**विषय :- विषय विशेषज्ञमा सूचीकृत हुने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम ९६ र बुद्धभूमि नगर शिक्षा ऐनको दफा २१ मा व्यवस्था भए अनुसार यस नगरपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा रिक्त रहेको दरबन्दी तथा राहत अनुदान कोटामा करार शिक्षक पदमा नियुक्ति प्रयोजनका लागि विषय विज्ञको सूचीकृत गरी राख्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा तपसिलका कागजात सहित शिक्षा युवा तथा खेलकुद शाखामा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएका वा रीतपूर्वक नआएका दरखास्त स्वत: अस्वीकृत हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**योगता र संलग्न कागजातहरू :-**

१) माध्यमिक तहमा सूचीकृत हुनका लागि सम्बन्धित तहमा ५ वर्ष स्थायी सेवा भै शिक्षा शास्त्रमा स्नातोकोत्तर उत्तीर्ण गरेको हुनु पर्ने ।
२) आधारभूत तहमा सूचीकृत हुनका लागि ५ वर्ष स्थायी सेवा भै सम्बन्धित विषयमा शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने ।
३) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
४) नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
५) अध्यापन अनुमति पत्रको प्रतिलिपि ।
६) स्थायी नियुक्ति पत्रको प्रतिलिपि ।
७) तोकिएको ढाँचा अनुसारको निवेदन ।
८) सूचीकृत हुनका लागि रू. ५००।- को रसिद वा भौचर ।
९) दुबै तहमा सूचीकृत हुनका लागि निवेदनमा खुलाउनु पर्ने ।
१०) सूचीकृत हुन चाहने शिक्षक बुद्धभूमि नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत हुनु पर्ने ।

२०७७।०६।०१

लिल बहादुर राउत क्षेत्री
(उप सचिव)
उप सचिव